# २००७ सालको प्रथम संयुक्त सरकार र तत्कालीन परिवेश

**मुरारी कृष्ण गौतम**

*सहप्राध्यापक, इतिहास, सरस्वती बहुमुखी क्याम्पस, email: prof.mgautam@gmail.com*

Article History: Received 29July 2023; Reviewed 22 Aug. 2023; Revised 8nd Sep. 2023; Accepted 15 Sept. 2023

## सारसङ्क्षेप

*शताब्दीभन्दा बढी समय राष्ट्रको शासन सत्ता सम्हालेको राणाकालीन शासन व्यवस्था अत्यन्त निरङ्कुश, दयनीय, बर्बर, अप्रजातान्त्रिक, प्रतिक्रियावादी, जहानीया र हुकुमी शासनमा आधारित रहेको थियो । अङ्ग्रेजहरूको आशीर्वाद प्राप्त शासन व्यवस्था नेपाली जनताका निमित्त अमानुषिक एवं अमानवीय प्रवृत्तिको थियो । देशमा न्यायप्रियता, प्रजातन्त्र, समानता, स्वतन्त्रता, सार्वभौमसत्ता गुमेको तथा कानुनी राज्यका मूल्य, मान्यता र आदर्शअनुरूप परिचालित नभएको हुनाले त्यस बेलाका साहसी युवा वर्गले दललगायतका धार्मिक एवं सामाजिक संङ्घ, संस्थासमेत स्थापना गरी अनेकौं तौरतरिका, उपाय, राजनैतिक गतिविधि गरी प्रजातान्त्रिक अधिकार बहालीका लागि अथकित प्रयास गरी देश विदेशबाट समर्थन जुटाए । वि.सं. १९९७ मा प्रजापरिषदका सदस्यहरुलाई निर्मम यातनासहित बरर्बरतापूर्वक फाँसीको सजाय दिएपछि नेपालमै बसी राणाशासन विरुद्ध विद्रोह गर्नु निकै कठिन भएकाले सचेत युवाहरू एवम् राणा परिवारभित्रकै राणाशासन विरोधी राणाहरुले भारतमा निर्वासित भई त्यहीँबाट नै राणाविरोधी आन्दोलनको तयारी गरे । श्री ५ त्रिभुवनलाई भारतीय राजदूतावास हुँदै दिल्ली पुऱ्याएपश्चात् राणाशासन विरुद्ध सशस्त्र क्रान्तिको सुरुआत भयो र यो आन्दोलन दिल्ली सम्झौतामा गएर टुङ्गियो । उक्त सम्झौताअनुसार राजा त्रिभुवन नेपालमा आई २००७ साल फागुन ७ गते प्रजातन्त्रको घोषणा गरे । सोही घोषणाअनुसार नेपालमा प्रथम संयुक्त सरकारको गठन भयो ।*

**शब्दकुञ्जी :** दूरगामी परिणाम, युगान्तकारी, प्रत्यक्षीकरण, प्रजातन्त्रीकरण ।

## उद्देश्य

अनुसन्धानात्मक आलेखहरू शोधमूलक, खोजमूलक, पद्धतिगत ढाँचा र मौलिक सिर्जनाहरू हुन् । यसै सन्दर्भमा यो लेख पनि प्रचलित अनुसन्धान विधिमा आधारित रहेको छ । यस लेखमा निम्नानुसारका उद्देश्यहरू रहेका छन् :

(क) विगतको यथार्थताको उद्घाटन गर्ने र सत्य इतिहासको खोजी गर्ने

(ख) ऐतिहासिक घटना विवरणको प्रत्यक्षीकरण गराउने

(ग) समकालीन ऐतिहासिक परिवर्तनसँग सम्बन्धित साक्ष्य प्रमाणहरूका आधारमा लेखलाई सत्यान्वेषी बनाउनेतर्फ ध्यान केन्द्रित गर्ने

(घ) प्रथम संयुक्त सरकारको गठन, परिवेश, कार्य र शान्तिबहालीका प्रयासहरूको उद्घाटन गर्ने ।

## अनुसन्धान विधि

कुनै पनि ऐतिहासिक रचनाहरू वास्तविकता उद्घाटन गर्ने यथार्थपरक र वस्तुनिष्ठ लेखनका शृङ्खला मानिन्छन् । मिथ्याङ्क प्रक्षेपण नगरी, शङ्का, विवाद र द्वन्द्व निरूपण गर्दै सत्यको खोजी गरी प्रमाणका आधारमा तथ्यहरूलाई सिलसिलाबद्ध बनाएर प्रस्तुत गरिन्छ । घटनासँग सम्बन्धित सूक्ष्म प्रमाणहरूका आधारमा प्रजातन्त्र बहालीपश्चात् गठन भएको प्रथम संयुक्त सरकारका गतिविधि, परिवेश, द्वन्द्व व्यवस्थापन, शान्ति र अमनचयन बहालीमा खेलिएका भूमिकाहरूको चित्रण गर्दै यथार्थको प्रकटीकरण गर्नका लागि तत्कालीन समयका स्रोत-सामग्री, सूचना र तथ्याङ्कहरूको उपयोग गरी यो आलेख तयार पारिएको छ । यसमा अन्तर्वार्ता, मौलिक र ऐतिहासिक दस्तावेज एवं पुस्तकालयीय स्रोतहरूलाई समेत उपयोग गरिएको छ ।

## अध्ययनको महत्त्व

प्रस्तुत विषयमा लेखिएको यस आलेखले राणाकालीन शासन व्यवस्थाको कार्यशैली र समग्र क्रियाकलापको लेखाजोखा गर्ने प्रयास गरेको छ । त्यसै हुनाले यही विषयको जगमा उभिएर आगामी दिनमा अन्वेषण गर्न चाहनेहरूलाई स्रोत र सामग्री जुटाउन पर्याप्त मद्दत पुग्नेछ । तत्कालीन युवाहरूले खेलेको भूमिका र उनीहरूले पुऱ्याएको योगदान, उनीहरूले भोगेका जीवन सङ्घर्षका अनुभवहरूले प्रत्येक युग धाराका युवाहरूलाई प्रजातन्त्रको बहालीका निमित्त साहसिक र अथकित सङ्घर्ष गर्न उत्प्रेरणा पुग्नेछ । दलीय द्वन्द्व, अन्तरकलह, अराजकता, दमनीय प्रवृत्तिका असरहरू र प्रजातन्त्रका सबल पक्षको प्रभावका बारेमा यस आलेखले अपेक्षित परामर्श दिनेछ । प्रचलित शोधपद्धतिका आधारभूत अवधारणालाई आत्मसात् गरेर तयार पारेको यस लेखले ऐतिहासिक घटनालाई प्रत्यक्षीकरण गराउन मद्दत पुऱ्याउनेछ ।

## सामान्य परिचय

नेपालको राजनैतिक इतिहासमा ई. १८४६ को वर्ष एक युगान्तकारी वर्ष थियो किनकि यसै वर्ष नेपालमा राणाहरूको एक शताब्दीभन्दा लामो समयको पारिवारिक शासनको बीजारोपण भएको थियो । यो घटना कुनै आकस्मिक घटना नभएर नेपालमा तत्कालीन समयमा विद्यमान राजनैतिक परिस्थितिको परिणाम थियो । पृथ्वीनारायण शाहबाट नेपालका केही भू-भाग एकीकरण भएपश्चात् वि.सं. १८३१ मा उनको मृत्यु भयो । उनी असाध्यै अनुशासित र विरोचित गुणका शासक भएको हुनाले उनको जीवनकालभरि राजनैतिक षड्यन्त्रले टाउको उठाउने मौका पाएको थिएन तर उनको मृत्युपश्चात् षड्यन्त्रको शुरुवात पनि भयो । यसैको परिणति थियो बहादुर शाहलाई गरिएको देश निकालाको सजाय । रणबहादुर शाह, भीमसेन थापालगायत कैयौं भाइभारदार हरूको हत्या र अन्तमा कोतको हत्याकाण्ड, भण्डारखाल पर्वलगायत अनेकौं दूरगामी र खराबप्रवृत्तिलाई प्रश्रय दिने खालका दुःखदायी घटनाहरू घटेका थिए । कोतपर्वपछि जङ्गबहादुर सत्तामा आए । उनले करिब ३० वर्ष लामो शासन गरेको हुनाले राजनैतिक षड्यन्त्रले त्यति विघ्न खेल्ने मौका प्राप्त गरेन तर ई. १८७७ मा उनको मृत्यु भयो । त्यस उप्रान्त राणा परिवारबिच पनि शक्तिका लागि होड चल्न थाल्यो । परिणामतः सत्ताबाहिरका राणाहरूले नै राणा शासकलाई कमजोर बनाउने कार्य गर्न थाले । यस अवधिमा जनस्तरबाट राणा शासकलाई खासै चुनौती आएन । ई. १९४० को दशकपछि मात्र राणा शासकका विरुद्ध जनस्तरबाट चुनौतीहरू देखिन

थाले । यो दशकलाई जनआन्दोलनको दशक मानिन्छ । हुन त यसको सुरुआत प्रथम विश्वयुद्धपश्चात् नै भएको हो तर यसबेलासम्म पनि जनआक्रोश र राजनैतिक चेतनाले एउटा स्पष्ट स्वरूप ग्रहण गरिसकेको थियो । नेपालमा वि.सं. २००७ सालमा राणा पारिवारिक शासनको अन्त्य गरी प्रजातन्त्र ल्याउनको लागि अनेकौं व्यक्ति, सङ्घ, संस्था र राजनैतिक दलहरूले आआफ्नो भूमिका निर्वाह गरेका छन् । ई. १८४० को दशकसम्ममा जनतामा राजनैतिक चेतना आइसकेको थियो । तर पनि तत्कालीन शासकहरूको अत्यन्त दमनपूर्ण नीतिले गर्दा जनविद्रोहको आवाज सङ्गठित रूपमा सफल हुन सकेन (अधिकारी, ई. १९९८ : २५४) ।

ई. १८४० को दशक दोस्रो विश्वयुद्धको पनि सुरुआतको दशक थियो । छिमेकी भारतमा पनि यसबेला अङ्ग्रेजहरूलाई आफ्नो भूमिबाट हटाउनका लागि जोडतोडले प्रयत्न चल्दै थियो । राणाहरूका लागि यो अवश्य नै चिन्ताको विषय थियो । तत्कालीन कैयौं युवा नेपालीहरू भारतीय स्वतन्त्रता लडाइमा पनि संलग्न भएर अभियानमा सक्रिय भए । यसैबाट प्रेरित भएर आफ्नो देशको मुक्तिका लागि पनि उनीहरूलाई प्रोत्साहन मिलिरहेको थियो तर यस अघिको प्रजापरिषद् दलमाथिको दमनले अब भारतीय भूमिबाट मात्र सङ्गठित रूपमा राणाविरुद्ध अभियान सञ्चालन गर्न सकिने तथ्य पनि स्पष्ट भइसकेको थियो । यसै पृष्ठभूमिमा “अखिल भारतीय नेपाली राष्ट्रिय काङ्ग्रेस” नामक दलको जन्म हुन गएको हो (गौतम, २०५५ : १९२) ।

नेपालको निरङ्कुश शासन पद्धतिमा समयानुकूल परिवर्तन ल्याउनका लागि केही उत्साहित युवाहरूले अक्टुबर ई. १९४६ मा वनारसमा एउटा राजनैतिक दल, साहसी युवा देवीप्रसाद सापकोटाको सभापतित्वमा स्थापना गरे (शर्मा, २००८ : ४०७) । पछि गएर यही दलको नेतृत्व जनवरी १९४७ इस्वीमा कलकत्तामा बसेको अधिवेशनले यसको नाम परिवर्तन गरी टंकप्रसाद आचार्यलाई सभापति र विश्वेश्वरप्रसाद कोइरालालाई कार्यकारी सभापतिमा चयन गरेर “नेपाली राष्ट्रिय काङ्ग्रेस” नामक राजनैतिक दल गठन गरी सशक्त अभियान चलाउने निधो गरिएको थियो (शर्मा, २००८ : ४०७) । तत्कालीन अवस्थामा उक्त “नेपाली राष्ट्रिय काङ्ग्रेस” दलले व्यापक जनसमर्थन प्राप्त गयो । जसको परिणाम ४ मार्च ई. १९४७ मा विराटनगर जुट मिलका मजदुर हरूले आफ्ना केही मागहरू राखी हड्ताल सुरु गरे । यो मजदुर हड्तालले तत्कालै देशव्यापी आन्दोलनको रूप ग्रहण गऱ्यो । तत्कालीन राणा प्राइमिनिस्टर एवं श्री ३ महाराज पद्‌मशमशेर राणाले आन्दोलनबाट भयभित भई देशमा राजनैतिक सुधार गर्ने घोषणा गर्न‘पऱ्यो । परिणामतः जनवरी ई. १९४८ मा एक वैधानिक कानुनको घोषणा भयो (शर्मा, २००८ : ४०७) ।

विराटनगर जुटमिल हड्तालपछि ने.का. भित्र रेग्मी समूह र कोइराला समूह भनी फुट उत्पन्न भयो । यसको कारण ने.रा.का. भित्र नेतृत्व पदका लागि यी दुईबिच सङ्घर्ष चल्यो तर पल्लाभारी भने कोइरालाको देखियो यसै बीच ई १९४८ मा नै सूवर्ण शमशेर तथा महावीर शमशेरले कलकत्तामा “नेपाल प्रजातन्त्र काङ्ग्रेस” नामक एक दल स्थापना गर्न‘ र यो दल अप्रिल १९५० मा ने.रा.का. (कोइराला) मा विलय भई “नेपाली काङ्ग्रेस” नयाँ नामकरण गरिनुले (चटर्जी, ई.१९६७ : ५२) अब नेपाली काङ्ग्रेस अझ सशक्त र सङ्गठित दल बन्न गई यसै दलले राणाविरुद्धको सशक्त आन्दोलनको पनि सुरुवात गऱ्यो र अन्तत ई. १९५१ मा देशमा प्रजातन्त्र स्थापना भयो ।

आफ्नो आन्दोलनको पूर्व सन्ध्यामा ने.का. ले २६ र २७ सेप्टेम्बर १९५० का दिन विहारको बैरगनिया

नेपालको गौर नजिक आफ्नो एक सम्मेलनको आयोजना गऱ्यो । यही सम्मेलनले देशव्यापी रूपमा आन्दोलन गर्ने निर्णय गरी यसका लागि मातृकाप्रसाद कोइरालालाई सम्पूर्ण अधिकार पनि दियो । क्रान्ति गर्नका लागि एक "मुक्ति सेना" नामक सशत्र सङ्गठन तयार पारी थीरवम मल्लको अध्यक्षतामा यसको सबलीकरण गर्ने निर्णय पनि गरिएको थियो (गुप्ता, ई. १९९३ : ४३-४४) ।

## राजा त्रिभुवनको नारायणहिटी त्याग र दिल्ली वार्ता

ने.का.ले सङ्घर्षका लागि पूर्ण तयारी गरिरहेको बेला ६ नोभेम्बर १९५० का दिन तत्कालीन राजा त्रिभुवन एक्कासि नारायणहिटी त्याग गरी आफ्नो परिवारहरूका साथ लैनचौरस्थित भारतीय दूतावासमा शरण लिन गएको घटनाले ने.का.लाई देशव्यापी अभियान परिचालन गर्न प्रेरणा प्राप्त भयो र त्यहाँबाट राजा दिल्ली प्रस्थान गर्नासाथ मौकाको भरपुर उपयोग गरी ने.का.ले देशव्यापी सङ्घर्षको सुरुवात गऱ्यो । राजाको दिल्ली प्रस्थानले राणाहरूलाई अप्ठेरोमा पारिदियो । अब देशव्यापी रूपमा आन्दोलन चर्किने सम्भावना बढेर गयो । राजालाई स्वदेश फर्काउन अनेक उपाय गरी मनाउँदा पनि उनी फर्केर आएनन् (जोशी र रोज, ई. १९६६ : ७६) । यसै बीच अढाई वर्षका नाति अधिराजकुमार ज्ञानेन्द्रवीरविक्रम शाहलाई राजा बनाएर आन्दोलनलाई मत्थर बनाउने पनि प्रयास भयो । आखिर राणाहरुको उपायले केही काम गरेन । भारतलगायत बेलायत, अमेरिकाले उक्त कदमलाई मान्यता नदिएकोले राणाहरुको योजना सफल हुन सकेन ।

राणाहरूले आन्दोलनकारीहरूको आन्दोलनको सामना गर्न नसकेपछि नोभेम्बर १९५० मा केशरशमशेर र विजयशमशेरलाई प्रतिनिधि बनाई दिल्ली पठाए र तर नतिजा केही निस्किएन । यसैगरी फेरि दोस्रो पटक १ जनवरी १९२१ मा वार्तालाई अघि बढाइयो । यो वार्ताको क्रममा नेपालका राजा श्री ५ त्रिभुवनवीरविक्रम शाहदेवलाई कायम राख्ने, आगामी २ वर्षभित्रमा संविधान सभाको चुनाव गराउने, चुनाव नहुन्जेलसम्मका लागि एउटा अन्तरिम सरकार गठन गर्ने जसमा जनपक्षीय ७ जना जनप्रतिनिधि र राणाका ७ जना प्रतिनिधि संलग्न रहने सहमति गरियो । पछि मन्त्रीहरूको सङ्ख्या घटाइ ५-५ बनाइयो र ५ जना ने.का.बाट मात्र संलग्न गराइने निर्णय भयो (जोशी र रोज, ई. १९६६ : ७६) । यसरी राजा र राणा दुवै पक्षको सहमतिलाई अन्तमा ने.का.ले पनि मन्जुरी दियो । यसरी दिल्ली सम्झौताद्वारा सशस्त्र क्रान्ति बन्दभयो र एक शताब्दीभन्दा लामो समयदेखि चल्दै आएको पारिवारिक निरङ्कुश राणाशासनको अन्त भयो ।

## पहिलो संयुक्त सरकारको गठन र यसको विवरण

२००७ फागुन ७ गतेका दिन दिल्ली सम्झौता बमोजिम १० सदस्यीय राजा, राणा र नेपाली काङ्ग्रेसको संयुक्त मन्त्रीमण्डल गठन भयो जसमा ५ जना राणा पक्षबाट र ५ जना नेपाली काङ्ग्रेस पक्षबाट चयन भएका थिए । राणा पक्षबाट मोहन शमशेर (ए वर्ग), बबर शमशेर (ए वर्ग), चूडाराज शमशेर (बी वर्ग), नृपजङ्ग राणा (सी वर्ग) र राणाका विश्वास पात्र भारदार यज्ञबहादुर बस्नेत संलग्न थिए भने नेपाली काङ्ग्रेस पक्षबाट विश्वेरप्रसाद कोइराला, गणेशमान सिंह, सुवर्ण शमशेर, भरतमणि शर्मा र भद्रकाली मिश्र ।" उक्त संयुक्त सरकारका मन्त्रीहरू चयन भए (परमानन्द, ई. १०८२ : ७८-८२) ।

मन्त्रीमण्डलको विश्लेषण गर्दा राणापक्षबाट संलग्न सूचिलाई सन्तुलित र वैज्ञानिक भन्न सकिन्छ

र राणापक्षको यस्तो वैज्ञानिक प्रतिनिधित्व हुनेछ भनेर सायद कसैलाई पनि विश्वास थिएन । 'ए, बी, सी' वर्गमा विभाजित राणा परिवारका ३ वटै वर्गबाट प्रतिनिधित्व गराइएको थियो भने अर्को आश्चर्य आफ्ना भारदारकोतर्फबाट पनि उनीहरूले बस्नेतजीलाई उक्त मन्त्रीमण्डलमा संलग्न गराएका थिए । मन्त्रीमण्डलमा मोहन शमशेरलाई प्रधानमन्त्री तथा परराष्ट्र मन्त्रालयको जिम्मेवारी दिइएको थियो । यिनी सम्पूर्ण मन्त्रीहरूमध्ये उमेरमा पाको थिए । यसबखत उनको उमेर ६४ वर्षको थियो यिनकै पालामा ने.का.ले सशस्त्र आन्दोलन सुरु गरेको हो र यिनी राणाका अन्तीम प्रधानमन्त्री पनि हुन् । हुन त उनले धेरै औपचारिक शिक्षा प्राप्त गरेका थिएनन् तापनि अङ्ग्रेजी राम्रोसँग बोल्न सक्दथे र पिता चन्द्र शमशेरबाट प्रशस्त कुटनीतिक ज्ञान हाँसिल गरेका थिए (परमानन्द, ई. १०८२ : ८३) । संयुक्त सरकारको राणा पक्षका यिनी प्रभावशाली व्यक्ति थिए । बबर शमशेर प्रधानमन्त्री मोहन शमशेरका भाइ हुन् । त्यस समयमा उनी कमान्डर इन चिफ र प्रधानमन्त्रीका उत्तराधिकारी पनि थिए । त्यसबखत उनी ५७ वर्षका थिए । संयुक्त मन्त्रीमण्डलमा रक्षा मन्त्रालयजस्तो महत्त्वपूर्ण जिम्मेवारी उनले पाएका थिए । चूडाराज शमशेर त्यसबखत ३५ वर्षका थिए उनलाई वन मन्त्रीको जिम्मेवारी प्रदान गरिएको थियो । त्यसैगरी ५५ वर्षीय नृपजङ्ग राणा "सी" क्लासको श्रेणीका राणा हुन् । उनी शिक्षा मन्त्री बनाइए । यज्ञबहादुर बस्नेतले राणाका भारदारको प्रतिनिधित्व गरेका थिए यस अघि राणाकालमा उनी लेफ्टिनेन्ट कर्णेलको पदमा थिए । ४५ वर्षीय यिनलाई स्वास्थ्य मन्त्रालयको कार्यभार सुम्पिएको थियो ।

नेपाली काङ्ग्रेस पक्षबाट संलग्न मन्त्रीहरूको विवरण निम्नानुसार रहेको देखिन्छ (परमानन्द, ई. १०८२ : ७८-८२) । वी.पी. कोइराला यस बखत नेपाली काङ्ग्रेस कार्य समितिका सदस्य थिए । यसअघि "नेपाली राष्ट्रिय काङ्ग्रेस" दलका सभापति पनि भइसकेका थिए यस बखत उनको उमेर ३६ वर्षको थियो र भारतबाट बी.ए. र उनी कानुनमा स्नातकको डिग्री प्राप्त थिए । यद्यपि यिनको जन्म बनारसमा भएको हो तर पनि बाबुबाजेको पैतृक थलो भने विराटनगर थियो । मन्त्री मण्डलमा ने.का. पक्षमा यिनको प्रथम स्थान थियो । यिनी गृहमन्त्री बनाइएका थिए । सुवर्ण शमशेर मन्त्री बन्नु अघि नेपाली काङ्ग्रेसका कोषाध्यक्ष थिए र कार्यसमितिका सदस्य पनि थिए । यसअघि उनी "नेपाल प्रजातन्त्र काङ्ग्रेस"का सभापति थिए । त्यस बेला उनी ४१ वर्षका थिए । उनले कलकत्ता विश्वविद्यालयबाट एम.ए. को डिग्री प्राप्त गरेका थिए । यद्यपि यिनको जन्म काठमाडौंमा भएको हो र उनी श्री ३ भीमशमशेरका नाति थिए । उनी "सी" क्लासका राणा भएकाले लामो समयसम्म भारतमा निर्वासित जीवन बिताएका थिए । यिनी त्यस बेला यिनी अर्थमन्त्री भए । त्यस बेला गणेशमान सिंह पनि ने.का. कार्यसमितिका सदस्य हुन् । यिनी पनि "नेपाली राष्ट्रिय काङ्ग्रेस" र पछि स्थापना भएको "नेपाली काङ्ग्रेस" पार्टीका संस्थापक सदस्य थिए । यसअघि उनलाई प्रजा परिषद् काण्डमा आजन्म कैदको सजाय दिइएको थियो तर पछि उनी जेलबाट भाग्न सफल भएका थिए । तत्कालीन समयमा यिनी ३५ वर्षका मात्र थिए । यिनले कलकत्ताबाट मेट्रिक पास गरी आइ.एस्सी.मा प्रवेश लिएर अध्ययन सुरु गरेका थिए । तर आन्दोलनको कारणले अध्ययन पूरा गर्न सकेनन् । यिनका पिता राणाका कारिन्दा थिए । उनी उद्योग वाणिज्य मन्त्री बनाइए ।

यसरी कार्य समितिका शक्तिशाली सदस्यहरूमध्ये ३ जना त मन्त्री मण्डलमै संलग्न भएको देखिन्छ । यहाँ ध्यान दिनुपर्ने महत्वपूर्ण कुरा के छ भने ने.का. पार्टी सभापति तथा क्रान्ति अवधिभरका अधिनायक मातृकाप्रसाद कोइरालालाई मन्त्रीमण्डलमा ल्याइएको थिएन । यस सम्बन्धमा स्वयं मातृकाप्रसाद कोइरालाको भनाइ के रहेको

छ भने “ने.का.को वर्तमान सभापति पदमा रहेको हुनाले मन्त्रीमण्डलमा जान उचित थिएन । अर्को कुरा आफू पनि मन्त्रीमण्डलमा गएको खण्डमा आफूहरू बिच फुट हुने पनि सम्भावना थियो । पार्टीका सबै वरिष्ठ सदस्यहरू मन्त्रीमण्डलमा गए पार्टी कसले चलाउने ? तसर्थ म सरकारमा नगएको हुँ ।” जे होस् प्रथम संयुक्त सरकारमा मातृकाप्रसाद कोइराला मन्त्री बनेनन् (कोइराला, अन्तर्वार्ता २०५३।०२।२३) । ने.का.का बाँकी २ मन्त्रीहरू यस्ता थिए जसको बारेमा आफ्नो पार्टी भित्रैबाट विरोध र असन्तुष्टि पनि उत्पन्न भएको थियो । भरतमणि शर्मा खाद्य र कृषि मन्त्री भए जो एकदमै जुनिएर व्यक्ति थिए । यस बखत उनको उमेर मात्र २३ थियो र नेपाली काङ्ग्रेस पार्टीमा कुनै उच्च पदमा पनि थिएनन् । यिनी दाङका हुन् र यिनको बारेमा धेरैलाई चित्त बुझेको थिएन । पार्टीले आफ्नो स्पष्टीकरणमा पश्चिम तराईको पनि प्रतिनिधित्व गराउन उनलाई संलग्न गरिएको स्पष्ट पारे पनि उनको विरोध भइरह्यो र केही महिनापछि उनलाई सरकारबाट हटाइयो पनि । नेपाली काङ्ग्रेस तर्फबाट पाँचौं मन्त्री त झन् यस्ता थिए जो मन्त्री बन्नु अघिसम्म ने.का.का सदस्य पनि थिएनन् बरु नेपाली काङ्ग्रेसको सशस्त्र क्रान्तिको उनले विरोध गरेका थिए । जसलाई यातायात मन्त्री बनाइयो, ती व्यक्ति हुन् भद्रकाली मिश्र । यस बखत यिनी २८ वर्षका मात्र थिए । उनले भारतबाट एम.ए.सम्मको शिक्षाआर्जन गरेका थिए । यिनी ई. १९५० मा महोत्तरीमा स्थापना भएको “लोक सेवक सङ्घ” का संस्थापक थिए जुन गान्धीवादी विचारबाट प्रभावित सङ्गठन थियो । यिनको २००७ को क्रान्तिमा कुनै योगदान थिएन तथा उनलाई तत्कालीन नेपालस्थित भारतीय राजदूत चन्द्रेश्वरप्रसाद नारायण सिंहको उक्त संयुक्त सरकारमा संलग्न गराइएको थियो (कोइराला, अन्तर्वार्ता, २०५३।०२।२३) ।

ध्यान दिने कुरा यहाँ के छ भने दिल्ली वार्ताको प्रारम्भमा अन्तरिम मन्त्रीमण्डलमा १४ जना सदस्यहरू रहने जसमा ७ राणा पक्षका र ७ जना जनप्रतिनिधिहरू रहने तय भएको हो तर यस निर्णयलाई केहीपछि मात्र परिवर्तन गरी १० सदस्यीय सङ्ख्या कायम गरिएको थियो । यस सम्बन्धमा मातृकाप्रसाद कोइरालाको भनाइ के छ भने “नेपाली काङ्ग्रेसलाई फुटाउनका लागि मन्त्रीमण्डलको आकार सानो पारिएको हो । यसमा राणा तथा भारत दुवैको चाल थियो । सानो मन्त्रीमण्डलमा धेरै नेपाली काङ्ग्रेस प्रतिनिधि अट्न नसक्दा मन्त्री बन्नका लागि हानथाप हुन सक्दथ्यो (कोइराला, अन्तर्वार्ता, २०५३।०२।२३) ।”

अन्तिम दुई मन्त्रीहरूको नाममा पश्चिम क्षेत्रीय स्तरबाट महेन्द्रविक्रम शाह र सूर्यप्रसाद उपाध्यायको नाम प्रस्तावमा आएको पनि हो । तर मातृकाप्रसाद कोइरालाजी को भनाइमा यी २ जनासँग वी.पी.को द्वेष थियो (कोइराला, अन्तर्वार्ता, २०५३।०२।२३) । सुवर्ण शमशेरले पनि भद्रकाली मिश्रजीको नाम प्रस्तावित गरे । २००७ सालको सशस्त्र आन्दोलनमा तराईवासीहरूमा रामेश्वरप्रसाद सिंह, चतुरानन सिंह, काशीप्रसाद श्रीवास्तव, वेदानन्द मिश्र जस्ताले पनि योगदान दिएका थिए र यिनीहरू पनि मन्त्री पदका हकदार थिए तर राजदूत सिंहले मिश्रको नाममा दबाव दिएकोले उनलाई स्थान दिइएको हो अर्थात् मिश्रलाई भारतीय एजेन्टको रूपमा प्रयोग गर्न चाहन्थे । जे होस् यो पहिलो संयुक्त मन्त्रीमण्डलमा ने.का.तर्फको प्रतिनिधित्व त्यति वैज्ञानिक हुन नसके पनि निरङ्कुश र रूढीवादी विचारका राणा मन्त्रीहरूको तुलनामा यिनीहरू शिक्षित थिए । जवान मन्त्रीहरूले भरिएको ने.का. पक्षको तुलनामा ६५ वर्षीय प्रधानमन्त्री मोहन शमशेरले समन्वय एवं समझदारी मिलाई मन्त्रीमण्डलका सदस्यहरुलाई आफ्नो अनुकूल बनाउन निकै कठिन र चुनौतीपूर्ण थियो । आखिरमा आगामी दिनमा परिस्थितिले पनि त्यही कुरा नै देखायो ।

**मन्त्रीमण्डलमा फुट**

संयुक्त मन्त्री मण्डलका यी दुई घटक बीच फुटको थालनी शपथ ग्रहण अर्थात् फागुन ७ कै दिनबाट सुरु भयो किनकि मन्त्रीहरूको सपथ राजाले जेष्ठताका आधारमा गराउने भएको हुँदा सर्वप्रथम प्रधानमन्त्री मोहन शमशेर, बबर शमशेर आदिको पालो आउने भयो त्यसपछि मात्र काङ्ग्रेस घटकको आउनुपर्ने थियो। तर प्रधानमन्त्री को सपथपछि आफूलाई पहिले सपथ गराउनु पर्ने माग वी.पी.ले राखे (परमानन्द, ई. १९८२, ८३)। "राणा पक्षले यसलाई नमान्दा निकै बेर समारोह रोकियो अन्तमा राजाले मन्त्रीहरूको नामको घोषणा गर्दा पढेको क्रमानुसार मोहन शमशेरपछि वी.पी.लाई सपथ गराइने निर्णय भए पश्चात् मात्र किचलो रोकियो। हुन त यो मर्यादाक्रमका बारेमा कुनै ठूलो झगडा उठेको होइन तर पनि २ पक्षबीच प्रारम्भकै दिनबाट तिक्तताको अनुभव गर्नुपरेको थियो।

यसपछि अर्को विवाद खड्ग निशाना छाप लगाउने कुरालाई लिएर उठ्यो चन्द्र शमशेरको शासनकाल ई. १९१७ देखि देशका लागि जारी गरिने जुनसुकै आदेश, कानुन, सनद आदिका माध्यमबाट बिर्ता भूमिको वितरण, नियुक्ति आदिमा यो खड्ग निशाना भएको छाप लागेपछि मात्र त्यसले वैधता प्राप्त गर्ने व्यवस्था बाँधी खड्ग निशान अड्डा नै स्थापना भएको थियो (अग्रवाल, ई. १९७६ : ३५-३६)। यो अड्डा वा छाप वर्तमान प्रधानमन्त्रीको सचिवालय सरहको मानिन्छ प्रजातन्त्रको स्थापनापछि पनि राणाकालीन प्रशासनको झलकको महत्त्वपूर्ण कार्यालयको रूपमा देखिने यो छापको चलन मोहन शमशेरले यथावत् राखेकोमा ने.का.ले यसको विरोध गऱ्यो। अन्तमा प्रधानमन्त्रीले यस्तो छाप लगाउन बन्द गर्न'पऱ्यो।

मन्त्रीमण्डलमा फुटको तेस्रो कारण देशभित्र शान्ति सुरक्षाको प्रश्नलाई लिएर उठ्यो। शान्ति सुरक्षाको सवालले त्यसबेला निकै उग्ररूप लियो यसमा "गोरखा दल" को आतङ्क नै प्रमुख कारक रह्यो। हुन त एउटा ठूलो परिवर्तन देशमा आएपछि त्यसलाई व्यवस्थित प्रक्रियामा लिकमा ल्याउन समय त अवश्य लाग्दछ र यस्तो अवस्थामा पुरानो व्यवस्थाका पक्षधरहरूले नयाँ परिवर्तनलाई आत्मसात् नगर्ने र परिस्थितिलाई असजिलो पार्ने विषयलाई व्यवस्थापन गर्न आवश्यक थियो। यही अवस्थाको विस्फोटको रूप लियो। त्यस बेला गोरखा दलको आतङ्कलाई शान्ति भङ्ग गर्ने अराजकतापूर्ण प्रयास मान्न सकिन्छ।

रक्षा मन्त्री बबरशमशेरका नाति भरतशमशेर गोरखा दल (यसलाई खुकुरी दल पनि भनिन्छ) का जनरल सेक्रेटरी थिए। उनले ने.का.लाई बदनाम गराउन कहिले काङ्ग्रेस भारत समर्थक रहेको, कहिले सरकारले कुनै काम नसकेको आरोप लगाए र कहिले सोझासाझा जनतालाई डरत्रास देखाई धमक्याउन थाले। उनको यस्तो कार्यबारे क्याबिनेटमा छलफल पनि भयो। रक्षा मन्त्रीमाथि यसको दोष लाग्यो किनकि उनैको नातिले यस्तो कार्य गरेका थिए तर बबरशमशेरले यसलाई स्वीकारेनन्। अन्तमा गृहमन्त्री वी.पी.ले २००७ चैत्र २९ गतेका दिन भरतशमशेर र रणधीर सुब्बालाई गिरफ्तार गर्न लगाई सदर जेलमा थुन्न बाध्य हुन पऱ्यो (देवकोटा, २०३६ : ९४)। परिणामतः ३० चैत्रका दिन भरतशमशेरका करीब ३०/४० जना समर्थकहरूले विभिन्न उत्तेजित नारा लगाउँदै सदर जेल गई जेल तोडी उनीहरूलाई छुटाए (देवकोटा, २०३६ : ९४)। यसपछि उक्त जमात नाङ्गा खुकुरी नचाउँदै त्रिपुरेश्वरस्थित वी.पी. को निवासमा गए त्यहाँ वी.पी. र गणेशमान सिंह दुई जना थिए। आतङ्ककारीले वी.पी.को सेक्रेटरी दीर्घराज कोइरालालाई घाइते पारे। वी.पी.ले पनि खुकुरीदलका

एकजना आतङ्ककारीलाई गोली प्रहार गरे । त्यसपछि उक्त अराजक जमात टुँडिखेलतर्फ भागे र त्यहाँ रहेका राष्ट्रिय सेनालाई भड्काउने असफल प्रयास गरे यत्तिकैमा रक्षादल (मुक्ति सेना) ले भरतशमशेरलाई पुनः पक्राउ गरी नजरबन्द गरेर स्थितिलाई साम्य पारेको थियो । यही सानो घटनाले नेपालको इतिहासमा ठूलो प्रभाव पार्‍यो । यसपछि राजाले सुप्रिम कमाण्डर इन चिफ प्रधानमन्त्रीबाट अधिकार खोसी आफूले लिए । यसबाहेक बबरशमशेरको अब राजीनामाको माग उठायो । प्रधानमन्त्री यसबाट अत्यन्त खिन्न भए किनकि उनी प्रधानमन्त्रीका सहोदर भाइ थिए । अरु राणा मन्त्रीहरू “सी” क्लासका थिए यसबखत उनले राजीनामा दिन पनि खोजे । बबरशमशेर आखिरमा पदबाट हटाइए । यो घटनाले २ घटकबिच निकै कटुता पनि छायो । यो घटनाको केही महिनापछि अर्थात् आश्विन १६, २००८ मा राजा त्रिभुवनले शासनमा सल्लाह प्राप्त गर्नका लागि (देशमा संसद्विहीन अवस्था भएकोले) ३५ सदस्यीय एक सल्लाहकार सभाको गठन गरे (जोशी र रोज, १०८२ : ८ र ९) । यो सभाको गठनपछि त दुई घटकबिचको फुटको खाडल झन् फराकिलो हुन गयो । राजाले पनि यसको गठन गर्दा पूर्ण पक्षपात गरी ३५ सदस्यमध्ये ने.का तर्फबाट बहुमत सदस्य र केही मात्र स्वतन्त्र व्यक्तिलाई सामेल गरिदिए । राणाका एक व्यक्ति पनि समावेश भएनन् । तसर्थ आश्विन २२ का दिन प्रधानमन्त्रीबाट राजाको यस कार्यको खुला विरोध भयो र आफ्नो विरोधमा उनले आफूसँग सभाका सदस्यहरूको नियुक्ति गर्दा एकवचन पनि नसोधेको गुनासो पोखे (देवकोटा, २०३६ : २१३) । ने.का. पक्षले यस अवसरको फाइदा उठाई राजालाई साथ दिँदै, प्रधानमन्त्रीद्वारा महाराजाधिराजका निर्णयमा यसरी खुल्ला विरोध गरिनु अस्वाभाविक, अनुचित, अमर्यादित छ, यदि प्रधानमन्त्रीको महाराजाधिराजसँग कुनै मतभेद छ भने वा प्रधानमन्त्रीको राय नलिई सदस्य छानेको भए त्यसको उचित तरिका यो होइन तसर्थ प्रधानमन्त्रीले आफ्नो पदबाट राजीनामा दिनु उपयुक्त हुन्छ । नेपाली काङ्ग्रेस पक्षको यस्तो प्रतिक्रियापश्चात् लाचार भएर प्रधानमन्त्रीले आफूले दिएको वक्तव्य फिर्ता लिई माफी पनि मागे यो घटनाले मन्त्रीमण्डलका दुवै घटक फुटंको सँघारमा पुगिसकेका थिए । यो घटनाको एक महिनापछि नै एक अर्को घटना घट्यो जसको परिणाम संयुक्त सरकारको पतन हुन गयो ।

२००८ साल कार्तिक २० गतेका दिन साँझ ४ बजे न्युरोड भूगोलपार्कमा विद्यार्थीहरूको एउटा आमसभा भयो । यसमा आफूमाथि परेको अत्याचार र अन्यायको शान्तिपूर्ण तरिकाले विरोध गर्दा पनि गिरफ्तार हुनुपर्दछ, गोली खानुपर्छ, के यही हो प्रजातन्त्र भनी भाषण सुरु गर्दा प्रहरीले ५ विद्यार्थीलाई गिरफ्तार गर्‍यो । भिड पछिपछि लाग्यो प्रहरीले अश्रुग्याँस प्रहार गर्‍यो अन्तमा रक्षादलले गोली चलाउँदा ३ विद्यार्थी घायल भए । त्यसमध्ये एक प्रदर्शनकारी चिनिया काजी उदासको अस्पतालमा मृत्यु भयो (परमानन्द, ई. १९८२ : ९६) । गृह मन्त्रालय ने.का. को हातमा भएको हुँदा २३ गतेका दिन प्रधानमन्त्रीले एक वक्तव्य निकाली यो घटनाको खबरले आफूलाई अफसोच लागेको र गृहले स्पष्ट कुरा आफूलाई नबताएको बताए । वास्तवमा मोहन शमशेर नेपाली काङ्ग्रेसलाई बदनाम गराउन चाहन्थे । यस पछि वी.पी.ले पनि २४ कार्तिकका दिन एक वक्तव्यमार्फत मोहनशमशेर प्रधानमन्त्री रहेसम्म नेपालमा शान्ति र प्रजातन्त्र आउने छैन भन्ने घोषणा गरे । त्यसैगरी २५ कार्तिकका दिन सरकारी रेडियो मार्फत भाषणमा वी.पी.ले राणाको कारणले सरकार शिथिल हुँदै गएको हुनाले अब यथाशीघ्र राणाहरूलाई सत्ताबाट हटाई एकलौटी किसिमको प्रजातान्त्रिक सरकारको आवश्यकता अनिवार्य रहेको कुरा उठाए त्यसपछि तुरुन्त आफ्ना ५ जना मन्त्रीहरूको राजीनामा पनि राजासमक्ष पेस गरे । यो अवस्था प्रधानमन्त्रीका निम्ति चिन्ताजनक र जटिल बन्यो वृद्धावस्थाको उमेरको कारणले पनि अब अरू कठिन सङ्घर्ष

गर्न सकिने परिवेश नरहेकोले त्यस स्थितिमा पदमा बसिरहन उचित ठानेनन् । फलतः २६ कार्तिक २००८ का दिन उनले पनि प्र.म पदबाट राजीनामा दिए । यसरी प्रजातन्त्रपछि गठित प्रथम संयुक्त सरकारको पतन भयो र राणाहरूको निरङ्कुश शासन पनि सदाका लागि अन्त भयो ।

**निष्कर्ष**

यसरी २००७ सालमा प्रजातन्त्रको स्थापनापछि बनेको पहिलो संयुक्त मन्त्रीमण्डलको गठनको प्रारम्भकै दिनदेखि आपसी किचलो उत्पन्न भएको थियो र अन्तिम दिनसम्म पनि त्यसले मत्थर हुने मौका पाएन । यसको बाबजुद पनि यो संयुक्त मन्त्रीमण्डलले केही राम्रा महत्त्वपूर्ण कामहरू गरेको देखिन्छ । आपसमा फुट भए तापनि यो सरकारले अन्तरिम शासन विधान-२००७ देशका लागि निर्माण गरी ल्याएको देखिन्छ । यसले राजनैतिक इतिहासमा एक युगको थालनी गऱ्यो त्यस्तै यस कार्यालयमा लोकसेवा आयोग, प्रधान न्यायालय र रेडियो स्टेशनको स्थापना भयो । त्यसैगरी दुई वर्षसम्म देश संसद्‌विहीन अवस्थाबाट गुज्रनुपर्ने भएकोले लिटिल पार्लियामेन्ट स्वरूप ३५ सदस्यीय सल्लाहकार सभाको गठन भएको देखिन्छ । यद्यपि यसलाई प्रधानमन्त्रीले नै विरोध गरेको भए तापनि यसको गठन प्रजातान्त्रिकीकरणको बाटोमा महत्त्वपूर्ण कदम मान्न सकिन्छ । त्यस्तै गरी यस अवधिमा बिर्ता भूमिलाई उन्मूलन गर्ने प्रयास, आर्थिक कल्याणकारी कार्यहरू, सेवा निवृत्त कर्मचारीहरूका लागि ऐन, कानुनको व्यवस्था, बाँधा प्रथाको उन्मूलनजस्ता अनेकौं राम्रा प्रयासहरू पनि भएका थिए । त्यस्तै केही शैक्षिक विकासका कार्यहरू कन्या कलेज, रात्रि कलेज स्थापनाजस्ता कार्यहरू गर्नुका साथै देशलाई एकसूत्रमा बाँध्ने प्रयास स्वरूप सामन्तवादका अवशेषहरूलाई हटाउने प्रयास ने.का. पार्टीमार्फत गरेको देखिन्छ प्रथम संयुक्त सरकारका यी सकारात्मक पक्षहरुलाई उच्च प्रशंसा गर्न सकिन्छ ।

परिशिष्ट १

(नेका पक्षका मन्त्रीहरूबाट पार्टी कार्यालयलाई मन्त्री भएपश्चात् दिइएको वचनबद्धताको पत्र)

नेपाली काङ्ग्रेस
विश्वेश्वरप्रसाद. कोइराला
गृहमन्त्री १८.२.५१

ईश्वर, देश र जनतालाई साक्षी राखी पूर्ण सद्‌भावनाका साथ बिना कुनै प्रकारका दबावले म प्रतिज्ञा गर्दछु कि नेपाली काङ्ग्रेसको आदेशानुसार म अन्तरिम कालका लागि सङ्गठित संयुक्त-नेपाल सरकारमा सम्मिलित हुँदै छु र पूर्णरूपले पार्टीका अनुशासनमा रही केबल देश र जनताका हितलाई मात्र सम्मुख राखी इमान्दारीका साथ कार्य गर्नेछु सरकारमा काङ्ग्रेस दलका नेता श्री विशेश्वरप्रसाद कोइरालाका नेतृत्वमा रही उहीका आदेशानुसार कार्य गर्नेछु ।

(श्रोत-यस लेखकले मातृका प्र. कोइरालासँग रहेको चिठीपत्रहरूको फायलबाट टिपोट गरेको)

परिशिष्ट २

(वी.पी.कोइरालाद्वारा पार्टी सभापति मातृकाप्रसाद कोइरालालाई आफ्नो राजीनामाबारे जानकारी दिइएको पत्र)

सभापतिजी नेपाली काङ्ग्रेस
काठमाडौं, नेपाल

साथी मेरा कार्यद्वारा संस्था र साथीहरूलाई पूर्ण सन्तुष्टि नहुन सकेकोले, तपाईंले पनि मलाई अन्तरिम संयुक्त सरकारबाट राजीनामा दिने आदेश दिएकोले म र मेरा साथीसमेत सम्मिलित रूपले मन्त्री पदबाट इस्तीफा दिदै छु। (स्रोत : लेखकद्वारा सङ्कलित)

## सन्दर्भ ग्रन्थसूची


अ) प्रत्यक्ष अन्तरवार्ता - तत्कालीन नेपाली काङ्ग्रेसका अध्यक्ष मातृका प्र. कोइरालासँग

आ) पुस्तकहरू

अग्रवाल, एच.एन., (ई. १९७६), एडमिनिस्ट्रेटिभ हिस्ट्री अफ नेपाल, दिल्ली : विकास पब्लिसिङ हाउस।

अधिकारी, सूर्यमणि, (ई. १९९८), नेपालमा प्रजातान्त्रिक आन्दोलनको इतिहास, दिल्ली : निराला पब्लिकेसन्स।

गुप्ता, अनिरुद्ध, (ई. १९९३), पोलिटिक्स इन नेपाल, दिल्ली : कलिङ्ग पब्लिकेशन,

गौतम, राजेश, (वि.सं. २०५५), नेपालको प्रजातान्त्रिक आन्दोलन र नेपाली काङ्ग्रेस, काठमाडौं : श्रीराम श्रेष्ठ, कृष्णकुमारी अधिकारी।

चटर्जी, भोला, (ई. १९६७), अ स्टडी अफ रिसेन्ट नेप्लिज पोलिटिक्स, कलकत्ता : वर्ल्ड प्रेस।

देवकोटा, गृष्म ब., (२०३६), नेपालको राजनैतिक दर्पण भाग-१, काठमाडौं।

जोशी, भुवलाल, रोज, लियो इ., (ई. १९६६), डेमोक्रेटिक इननोभेसन इन नेपाल, यु. एस. ए. : वर्कले कम्पनी।

जोशी रामहरि, (२०४८), नेपालको नोभेम्बर क्रान्ति, काठमाडौं : अन्तराष्ट्रिय मञ्च।

परमानन्द, (ई. १९८२), नेपाली काङ्ग्रेस सिन्स इट्स इन्सेप्सन, दिल्ली : बि आर पब्लिकेसिङ करपोरेसन।

शर्मा, बालचन्द्र, (२००८), नेपालको ऐतिहासिक रूपरेखा, वाराणसी : कृष्णकुमारी देवी।